नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मलंगवा, सर्लाही

फोन नं.: ०४६-५२०१७७, ५२०१०६
फ्याक्स नं.:०४६-५२०१७४

Web: daosarlahi.moha.gov.np
Email:- daosarlahi@moha.gov.np

च.न.-०७७/७८-

मितिः-२०७७/१२/१२

## सूचना । सूचना ।। सूचना ।।।

हाल कोभिड-१९ को प्रकोप छिमेकी मुलुक भारतमा थप क्रियाशील भई संक्रमितको दर बढ्दै गएको र मृत्युदरमा समेत वृद्धि भएको सन्दर्भमा खुला सीमानाको कारण सीमानाकाहरुबाट मानिसहरुको आवतजावत बढी भई यस जिल्लामा समेत कोभिड-१९ सङ्क्रमणको जोखिम उच्च रहेकोले देहाय बमोजिम गर्न/गराउन जिल्ला प्रशासन कार्यालय, सर्लाही हार्दिक अनुरोध गर्दछ।

<u>देहायः</u>

१. होलीमा अनावश्यक उच्छृङ्खल क्रियाकलाप नगर्ने, मादक पदर्थ सेवन नगर्ने, जबरजस्ती पानी नछ्याप्ने, पानीमा नभिज्ने, जबरजस्ती रंग, अविर नदल्ने तथा सकेसम्म घर भित्रै सीमित रहेर मनाउने।
२. CORONA VIRUS संक्रमणलाई मध्यनजर गरी अनिवार्य रुपमा गर्नै पर्ने सामाजिक कार्य गर्दा सके सम्म धेरै ठूलो जमघट हुने भोज भतेर तथा सभा समारोहको आयोजना नगर्ने, गर्नु परे सामाजिक दूरी कायम गरी गर्ने।
३. नियमित रुपमा साबुनपानीले हात धुने ।
४. सामान्य रुघाखोकी लागेमा घरमै आराम गर्ने।
५. खोक्दा वा हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
६. जंगली तथा घरेलु पशुपन्छीबाट टाढा रहने।
७. माछा, मासु, अन्डा जस्ता पशुजन्य खानेकुरा राम्रो सँग पकाएर मात्र खाने ।
८. भिडभाड भएको स्थानमा आवतजावत नगर्ने/नजाने।
९. अनिवार्य रुपमा मास्क सेनिटाइजर प्रयोग गर्ने तथा कपडाको मास्कको प्रयोग गर्दा सफा गरेर मात्र प्रयोग गर्ने।
१०. अभिवादन गर्दा हात नमिलाउने, नमस्कारबाट शिष्टाचार आदानप्रदान गर्ने
११. फ्लु जस्तो लक्षण देखिएका मानिसहरुको सम्पर्कबाट टाढा रहने।
१२. CORONA VIRUS का लक्ष्णहरु देखिएमा नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग सम्पर्क गर्ने।
१३. माथि उल्लिखित कार्यहरु विपरीत सङ्क्रमण फैलाउने कार्य कसैले गरे/गराएमा संक्रामक रोग ऐन, २०२० बमोजिम तत्काल नियन्त्रणमा लिई जरिवाना वा कैद वा दुवै सजाय गरिनेछ।

अन्त्यमा आसन्न रहेको महान चाड होलीको अवसरमा सम्पूर्ण दाजुभाई, दिदी बहिनीमा हार्दिक मंगलमय शुभकामना।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

"स्वच्छ र सक्षम निजामती प्रशासनःसमृद्धि र सुशासन"

Scanned with CamScanner